दैनिक

# लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक
कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१



वर्ष ३७ | अंक १७२ | बुटवल | २०८२ असार ०४ गते बुधबार | नेपाल संवत ११४५ | Wednesday June.18, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


# स्थानीयले संरक्षण गरेको सार्वजनिक जग्गा कांग्रेस र एमाले निकट प्रतिष्ठानलाई भागवण्डा

### गैरकानूनी जग्गा वितरणबारे छानवीन र संरचना हटाउन १३ दलको माग










**लुम्बिनी संवाददाता**

*बुटवल*

स्थानीयले वर्षौंदेखि संरक्षण गरेर जोगाएको जग्गा नेपाली कांग्रेस र नेकपा एमालेका स्वर्गीय नेताका प्रतिष्ठानका भवन बनाउन बुटवल उपमहानगरले वितरण गरेको भन्दै १३ राजनीतिक दलले छानवीन र कारबाही गर्न माग गरेका छन् ।

बुटवल-१३ बेलबास नवज्योति पथमा गैरकानुनी ढंगले जग्गा वितरण गरेको र भवन बनाउन लाखौं बजेट दिएको विषयमा नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी, राप्रपालगायतका १३ दलले जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र बुझाउँदै छानवीन र कारबाहीको माग गरेका हुन् । प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेलाई ज्ञापनपत्र बुझाउँदै १३ दलले सार्वजनिक जग्गा कुन विधि, कानुन र प्रक्रियाले वितरण गरियो भन्ने प्रश्न गरेका छन् ।

सत्तामा रहेका दुई ठूला दल निकटका संस्थालाई मात्र जग्गा बाँड्ने, तर अन्य दललाई किन जानकारी समेत गराइएन ? नक्सा पास नगरी सार्वजनिक जग्गामा आफूखुशी भवन बनाउने अतिक्रमणकारीलाई किन सरकारी बजेट उपलब्ध गराइयो ? भन्ने विषयमा १३ दलले गम्भीर चासो व्यक्त गर्दै यो विषयमा आवश्यक अनुसन्धान र छानबिन गरी निर्माण गरिएका संरचना हटाउन र जग्गा संरक्षण गर्न जिल्ला प्रशासन कार्यालयसँग माग गरेका छन् । १३ दलले यो विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग र भूमिहीन तथा सुकुम्बासी समस्या समाधान आयोगलाई समेत जानकारी गराएको राष्ट्रिय स्वतन्त्र पार्टीका नेता बामदेव भुसालले बताए ।

भुसालका अनुसार २०४६ सालदेखि २०६५/०६६ सम्म विभिन्न कालखण्डमा उक्त जग्गामा सुकुम्बासी र भूमाफियाहरुले कब्जा गर्ने प्रयास गरेता पनि स्थानीय जनताले प्रतिकार गरि सो जग्गा संरक्षण गरि जोगाइएको हो ।

उपमहानगरले कृष्णप्रसाद भट्टराई स्मृति प्रतिष्ठानको नाममा बनिरहेको भवन निर्माणका लागि उपमहानगरको ३० लाख रुपैयाँ बजेट दिएको छ । यस्तै पुष्पलाल स्मृति प्रतिष्ठानका लागि २२ लाख बजेट विनियोजन भएकामा त्यसरी रकम दिन नमिल्ने केन्द्रबाट निर्देशन आएपछि उक्त रकम रकमान्तर गरेर पितृ भवन बनाउन दिइएको रास्वपा नेता भुसालले बताए ।

उपमहानगरले कर्सो नेपाल, भिजन नेपाल, लायन्स क्लब, जितेश्वरी सामुदायिक वन, आमा समूह आदिका नाममा जग्गा वितरण गरी कतै भवन र टहरा बनाउने, साइनबोर्ड राख्ने काम भएको १३ दलले सीडीओलाई बुझाएको ज्ञापनपत्रमा उल्लेख छ । 'सत्तारुढ दल निकटका संस्था र सत्तारुढ दुई दलको लागि स्थानीय जनता र राजनीतिक दलहरुको सहमति बेगर कसले जग्गा दियो, कुन प्रक्रियाबाट दिइयो र कुन कानुनको आधारमा सार्वजनिक जग्गा दिइयो भनेर वडा नं. १३ का वडाध्यक्ष नारायण पुनसँग सोधपुछ गर्दा मलाई यो विषयमा केही जानकारी छैन, तपाईंहरु नगरपालिका जानुस् र जानकारी लिनुस भन्ने जवाफ दिनुभयो,अनि वडा नं. १३ का सक्रिय राजनीतिक दलका प्रतिनिधिहरुले बुटवल उपमहानगरपालिका कार्यालय पुगेर नगर प्रमुख खेलराज पाण्डेय र प्रमुख प्रशासकीय अधिकृतसंग सोधपुछ गर्दा उहाँहरुले सुरुमा चासो दिनुभएन, पछि नगर प्रमुखले छलफल गर्न रास्वपाका वामदेव भुसाल मात्र आउनुस् भन्नुभयो,' भुसालले भने-'तर मैले एक्लै आउँदिन भनेर प्रतिनिधिमूलकरुपमा नेकपा माओवादी केन्द्र र स्वतन्त्र पार्टीका चार जना भएर नगर प्रमुखलाई भेट्न जाँदा नगर प्रमुखले फेरि बामदेव भुसाल बाहेक अरुलाइ भेट गर्न नदिई कहिले हामिलाई थाहा छैन भन्ने र कहिले ज्ञापनपत्र दिनुस् भन्ने जस्ता गैर जिम्मेवार कुरा गरेर हल्का रुपमा लिनुभयो ।'

नेकपा माओवादी केन्द्रका वडाध्यक्ष गिरीराज पौडेलले नगरभित्रको सार्वजनिक जग्गा भविष्यमा आइपर्ने प्राकृतिक विपत्तिमा प्रयोग गर्न संरक्षण गर्ने दायित्व स्थानीय सरकारको भए पनि सत्तामा रहेका दलले मनोमानी ढंगले आफू निकटका संस्थालाई बाँड्नु र भवन बनाउन लाखौं बजेट दिनु अख्तियारको चरम दुरुपयोग भएकाले अख्तियारले छानवीन गर्नुपर्ने माग गरे ।

'सत्तारुढ दुई पार्टीका स्वर्गीय नेताका नामका प्रतिष्ठानलाई पालिका पिच्छे भवन बनाउन जग्गा र बजेट बाँड्दै जाने हो भने भविष्यमा कस्तो नजिर बस्ला,' अध्यक्ष पौडेलले भने-'सत्ता र पदको दुरुपयोग गरेर गरिने यस्ता निर्णय गर्नेहरुमाथि छानविन हुनुपर्छ ।'

राष्ट्रिय प्रजातन्त्र पार्टीका वडा सभापति टिकाराम अधिकारीले वडाका राजनीतिक दलका प्रतिनिधिहरुले सक्रियता देखाई जग्गा अतिक्रमण रोक्न अनुरोध गर्दा स्थानीय सरकार नै बेखबर जस्तो बनेर र गैर जिम्मेवार बन्ने कार्य निन्दनीय भएको बताए ।

'जनताले लामो समयदेखि जोगाइ राखेको सार्वजनिक जग्गाको अतिक्रमण नियन्त्रण गर्नुपर्छ ।'-अधिकारीले भने ।

रुपन्देहीका प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेले १३ दलको ज्ञापनपत्र बुझेपछि यो विषयलाई गम्भीरतापूर्वक लिएर एक अध्धयन समिति बनाई त्यसको प्रतिवेदनका आधारमा अघि बढ्न लागेको जनाए ।

'समितिको संयोजक असार ४ गतेसम्म तोक्छौं,' प्रजिअ घिमिरेले भने-'समितिले दिने प्रतिवेदनका आधारमा अघि बढ्छौं ।'

सार्वजनिक जग्गा सत्तारुढ दुई दल निकट प्रतिष्ठान र संस्थाहलाई वितरण गरिएको विषयमा विरोध जनाउँदै छानवीन गर्न माग गर्नेहरुमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)कावडा अध्यक्ष गिरीराज पौडेल,राष्ट्रिय स्वतन्त्र पार्टीका.वा. वडा सभापति गिता खनाल, राष्ट्रिय प्रजातन्त्र पार्टीवडा सभापति टिकाराम अधिकारी, नेपाल कम्युनिष्ट पार्टी (एकिकृत समाजवादी) वडा इञ्चार्ज शेरजंग गुरुङ, जनता समाजवादी पार्टीका नविन सुनुवार, नेपाल कम्युनिष्ट पार्टी (विप्लव) का वडा इञ्चार्ज राजकुमार सुनार, राष्ट्रिय जनमोर्चा वडा इञ्चार्ज गोपाल बञ्जाडे, जनता समाजवादी पार्टी नेपालकातेज बाहादुर राना,नेपाल समाजवादी पार्टी नयाँ शक्तिकी हेमकुमार नेपाली, राष्ट्रिय जनमुक्ति पार्टीका धनबहादुर छन्तेल र जनमत पार्टीका अशोक कान्दु रहेका छन् ।

यस विषयमा उप-महानगरका प्रवक्ता शिव रानासँग प्रतिक्रिया लिन खोज्दा अहिले एउटा कार्यक्रममा भएकाले केहीबेरपछि प्रतिक्रिया दिने बताए पनि पछि पटक-पटक सम्पर्क गर्दा फोन रिसिभ गरेनन् ।

दुई वर्षअघि बुटवल १७ रानीगञ्जमा एक दर्जन संस्थाले भवन बनाउने भन्दै साइनबोर्ड गाडेर सार्वजनिक जग्गा कब्जा गर्न खोजेको विषयमा समाचार प्रकाशन भएपछि तत्कालीन प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले साइनबोर्डहरु हटाई सार्वजनिक जग्गा संरक्षण गरेका थिए ।

# लुम्बिनी प्रादेशिक अस्पतालका मेसुबारे संघीय मन्त्रालयको निर्देशनमाथि प्रदेश मन्त्रालयको काउन्टर



बुटवल । संघीय स्वास्थ्य मन्त्रालयले दिएको निर्देशनलाई लुम्बिनी प्रदेशको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले अटेर गरेको छ । संघीय मन्त्रालयले बुटवलस्थित लुम्बिनी प्रादेशिक अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट (मेसु) डा. इन्द्र ढकाललाई आफ्नो दरबन्दी रहेको सप्तरीस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा हाजिर हुन निर्देशन दिएको थियो ।

मन्त्रालयका शाखा अधिकृत बद्रीनाथ ढकालले गत शुक्रबार पत्र काटेर डा. ढकाललाई अबिलम्ब दरबन्दी रहेको निकायमा हाजिर हुन निर्देशन दिएका भएपनि प्रदेश मन्त्रालयले निर्देशन पालना गरेको छैन ।

उल्टै डा. ढकाललाई बुटवलमै राख्न संघीय मन्त्रालयको निर्देशनविपरीत प्रदेश मन्त्रालयले संघीय मन्त्रालयलाई पत्र लेखेर डा. ढकाललाई निरन्तरता दिन आग्रह गरेको छ । डा. ढकाल अहिले पनि लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमै छन् ।

ढकालको पदस्थापन २०८१ साल असार ५ गतेको निर्णयअनुसार सप्तरीस्थित गजेन्द्रनारायण अस्पतालमा गरिएको थियो । तर, ढकाल अटेरगरी हालसम्म आफ्नो घरपायक लुम्बिनी प्रादेशिक अस्पतालमा कार्यरत छन् । जसका कारण सप्तरीको अस्पतालमा सेवा प्रभावित भएको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयले सप्तरीको हस्पिटलमा हाजिर हुन निर्देशन दिँदै लुम्बिनी प्रादेशिक अस्पताल र लुम्बिनी प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलाई बोधार्थ पत्रसमेत पठाएको छ । डा. ढकाल हाल १०औं तहका अर्थोपेडिक सर्जन हुन् ।

तर, प्रदेश सरकारले मास्टर्स इन पब्लिक हेल्थ (एमपीएच) अध्ययन पूरा गरी प्रमुख मेडिकल सुपरिटेण्डेन्टमा नाम निकालेका डाक्टरलाई नियुक्त नगरी राजनीतिक चलखेलका आधारमा ढकाललाई मेसु बनाएको आरोप छ ।

लुम्बिनी प्रदेशका स्वास्थ्य मन्त्री खेम सारुले प्रदेश सरकारको गौरवको आयोजनाका रुपमा रहेको लुम्बिनी प्रादेशिक अस्पतालको १२ सय शैयाको अस्पताल निर्माणको क्रममा रहेको र हालका मेसु ढकालले राम्रै काम गरेकाले उनको आवश्यकता भएर उनलाई निरन्तरता दिन संघीय मन्त्रालयलाई अनुरोध गरिएको बताए ।

स्वास्थ्य मन्त्रालयकी सचिव दुर्गालक्ष्मी श्रेष्ठले आठौं तह भन्दा माथिको चिकित्सक वा कर्मचारीको विषयमा निर्णय गर्ने अधिकार मन्त्रालयलाई नभएको भन्दै डा. ढकालका विषयमा मुख्यमन्त्री कार्यालयले पत्र पठाएको बताइन् । 'हाम्रो मन्त्रालयले ८औं तहसम्मको निर्णय गर्ने हो, ९, १० र ११औं तहको निर्णय गर्ने निकाय मुख्यमन्त्री कार्यालय हो,' उनले भनिन्-'प्रदेश सरकारसँग सहमति लिएर आएको होला, मुख्यमन्त्री कार्यालयले काज फिर्ता गर्न सक्छ ।'

तर प्रदेशका प्रमुख सचिव बाबुराम अधिकारीले भने प्रदेश स्वास्थ्य मन्त्रालयले पठाएको पत्र आफूले संघमा पठाएको बताए । प्रदेशका प्रमुख सचिव र मन्त्रालयकी सचिवको फरक फरक भनाइले मेसु ढकाललाई थमौति गर्ने विषयमा विरोधाभास देखिन्छ । निर्णय प्रदेशका पूर्व सामाजिक विकास मन्त्री सुदर्शन बरालले मेडिकल सुपरिटेण्डेन्ट नियुक्तिका विषयमा अनेक खाले चलखेल हुने गरेको बताए । यसले सेवा प्रवाहमा असर पुगेको र कर्मचारीको मनोबल गिरेको उनले जनाए । संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सूचना अधिकारी डा. भक्तबहादुर केसीले डा. ढकाललाई दरबन्दी रेहको अस्पतालमा हाजिर हुन मन्त्रालयले निर्देशनात्मक पत्र पठाएको विषयमा मुख्यमन्त्री कार्यालयले थमौतिका लागि पत्र पठाए पनि निर्णय हुन बाँकी रहेको बताए ।

डा. ढकालले भने संघीय मन्त्रालयले पठाएको पत्र नियमसंगत नभएको जनाए । संघीय मन्त्रालयले प्रदेश मन्त्रालयलाई पत्र पठाउनुपर्नेमा प्रादेशिक अस्पताललाई पठाउनु नियमसंगत नभएको बताए ।

काजमा मेसु रहेका ढकाल एमआरई मेसिन खरिदका लागि गरिएको टेण्डरमा मिलेमतो गरेको भन्दै विवादित बनेका थिए । तर उनले सरकारी अस्पतालमा एमआरआइ मेसिन आउँदा निजी अस्पतालको व्यापार घट्ने भएकाले एमआरआइ मेशिन खरिद हुन नदिने चलखेल स्वरुप विवादमा ल्याइएको प्रष्टिकरण दिएका छन् ।

त्यस्तै, बढुवा फाइलमा गलत कागजात पेश गरेर ११औं तहको बढुवा भए पनि पछि मन्त्रालयले गलत ठहर गर्दै १०औं तहमै झारिदिएको थियो ।




## सम्पादकीय

# पालिका, सांसद र मन्त्रीको संख्या घटाऊ

विभिन्न राजनीतिक दलका नेताहरु, सांसदहरु, मन्त्रीहरुले बेला बेलामा हाल विद्यमान स्थानीय तह, संघीय प्रदेश सांसद र मन्त्रीहरुको संख्या घटाउनुपर्ने आवाज उठाउँदै आएका छन् ।

सोमबार मात्रै नेकपा एमालेका सांसद बासुदेव घिमिरेले प्रतिनिधिसभा बैठकमा बोल्दै हाल विद्यमान ७५३ स्थानीय तहको संख्या घटाएर ५०१ मात्रै बनाउनुपर्ने आवाज उठाए । उनले महानगरपालिकाको संख्या १० बनाउने, उप-महानगरपालिकाको संख्या १५ बनाउने, नगरपालिकाको संख्या २२५ बनाउने र गाउँपालिकाको संख्या २५१ वटा बनाउने तर्क गरे । यसो गर्दा स्थानीय तहको संख्या ५०१ मा सीमित हुने र यसबाट वार्षिक करिब ३० अर्ब रुपैयाँ खर्च जोगिने (बचत हुने) उनको तर्क थियो ।

नेकपा एमाले रुपन्देहीका सचिव एवं सैनामैना नगरपालिकाका पूर्व नगरप्रमुख चित्रबहादुर कार्कीले केही समयअघि रुपन्देहीका १६ पालिकाको संख्या घटाएर ५ वटा मात्र बनाए पुग्ने धारणा सार्वजनिक गरेका थिए ।

नेपाली कांग्रेसका महामन्त्री गगन थापाले पनि संघ र प्रदेशका सांसद र मन्त्रीको संख्या घटाउनुपर्ने बताउँदै आएका छन् । अन्य नेताहरुले पनि यस्तै तर्क गर्दै आएका छन् ।

अहिले मुलुकको सार्वजनिक ऋण २७ खर्ब पुगेको छ । सरकारले निर्दोष हरेक नेपालीको थाप्लोमा ९० हजार बढी ऋणको भारी बोकाएको छ । देशको राजस्वले कर्मचारी र ३६ हजार जनप्रतिनिधिलाई तलब भत्ता खुवाउन पनि नपुग्ने अवस्था छ । व्यापार घाटा उस्तै चुलिंदो छ । ५ पटकसम्म प्रधानमन्त्री भइसकेका कांग्रेस सभापति शेरबहादुर देउवाले मुलुकबाट मान्छेबाहेक अरु वस्तु निर्यात गर्न नसक्ने अवस्था आएको लज्जास्पद भाषण गर्छन् ।

यस्तै कारणले हुन सक्छ, कतिपय राजनीतिक दलहरुले त प्रदेश संरचना नै खारेज गर्नुपर्ने माग गरिरहेका छन् । कतिपय दलले प्रदेशसभा खारेज गर्ने, तर मुख्यमन्त्री प्रत्यक्ष निर्वाचित गर्ने र विज्ञहरुको मन्त्रीमण्डल बनाउनुपर्ने एजेण्डा अघि सारेका छन् । यी सबै माग र अवधारणाको निचोड मुलुकले यति धेरै पालिकाका जनप्रतिनिधि र कर्मचारीलाई तलब दिए जसरी विभिन्न शीर्षकमा मासिक सेवा सुविधा दिएर दीर्घकालसम्म जान सकिंदैन, मुलुक आर्थिक रुपमा टाट पल्टिन्न भन्ने चिन्ता नै हो । जुन सकारात्मक छ । तर सतहमा उठेका यी सबै विषय संविधान र कानुनसम्मत ढंगले मात्रै अर्थात् संविधान संशोधन गरेर मात्रै सार्थक बनाउन सकिन्छ ।

अहिलेको सरकार बन्ने बेलामा कांग्रेस र एमालेले सात बुँदे सहमतिमा संविधान संशोधन गर्ने विषय उल्लेख गरेका थिए । त्यसैले अब यो सरकारले मुलुकको दीर्घकालीन भविष्यसँग जोडिएका माथि उल्लेखित विषयहरुलाई टुंगोमा पुर्‍याउन यथाशीघ्र काम अगाडि बढाउनुपर्छ । दुई ठूला दलको अहिलेको बलियो सरकारले चाहने हो भने संविधान संशोधन गरेर पालिका, सांसद, मन्त्रालय र मन्त्रीको संख्या घटाउने निर्णय गर्नसक्छ । त्यसो गर्दा मुलुकको ठूलो अनुत्पादक खर्च जोगिन्छ । जुन रकम गुणस्तरीय शिक्षा, स्वास्थ्य र उद्योग स्थापनामा लगानी गर्न सकिन्छ । जसले रोजगारी सिर्जना हुने र आर्थिक समृद्धिको नारालाई सार्थक बनाउन सक्छ । यो आम नागरिकको पनि माग हो, तसर्थ यसमा अहिलेको सरकारले ढिलासुस्ती र बहानाबाजी नगरोस् ।

# नेप्सेमा सामान्य गिरावट



काठमाडौं । साताको तेस्रो कारोबारको दिन मंगलबार नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको गिरावट देखिएको छ । नेप्से ३.९० अङ्कले घटेर २६५४.७५ विन्दुमा बन्द भएको हो ।

परिसूचकसँगै कारोबारमा पनि उच्च गिरावट आएको छ । सोमबार १३ अर्ब माथिको कारोबार भएको बजारमा मंगलबार मुस्किलले ७ अर्ब ६५ करोडको कारोबार भएको छ । दिनभरमा जम्मा २४७ कम्पनीका ३०६ कम्पनीका १ करोड ६४ लाख ७७५ कित्ता शेयर किनबेच हुँदा सो बराबरको कारोबार भएको हो ।

बजारमा बिक्रीकर्ता हाबी देखिएका छन् । कारोबारमा आएका कुल कम्पनीहरूमध्ये ९९ कम्पनीको शेयर मूल्य बढेको छ भने १४८ कम्पनीको मूल्यमा गिरावट आएको छ । कारोबारमा आएका उप-समूहहरूमध्ये हाइड्रोपावर बाहेक अन्य सबै समूहको सूचकमा गिरावट आएको छ। हाइड्रोपावर समूहको सूचक ०.२७५ ले बढ्दा, सबैभन्दा धेरै होटल्स एण्ड टुरिजम समूह १.५५ प्रतिशत र माइक्रोफाइनान्स समूह १.१० ले घटेका छन् । त्यसैगरी, बैङ्किङ, विकास बैङ्क, वित्त, जीवन बीमा लगायतका अन्य समूहहरू पनि घटेका छन् ।

सर्वाधिक कमाउनेमा पनि पियोर इनर्जी रह्यो । सो कम्पनीको शेयर मूल्यमा ९.९९ प्रतिशत बढेर सकारात्मक सर्किट लागेको छ । यसपछि बुटवल पावर कम्पनी ७.५९ प्रतिशत र सामुदायिक लघुवित्त ७.१३ प्रतिशतले बढेका छन् । सर्वाधिक गुमाउनेमा गार्डियन लाइफ इन्स्योरेन्स रहेको छ ।

सो कम्पनीका लगानीकर्ताले सबैभन्दा धेरै ५.७२ प्रतिशत गुमाएका छन् । कारोबार रकमका आधारमा सानिमा माई हाइड्रो अग्रस्थानमा रह्यो । कम्पनीको ७४ करोड ९६ लाखभन्दा बढीको शेयर कारोबार भएको छ ।

# विद्यालय शिक्षामा गणितको चुनौती र अवसर



रामजी पौड्याल

गणितले सोंच्ने क्षमतालाई बढाएर दैनिक जीवनका समस्याहरूको समाधान गर्न मद्दत पुर्‍याउँछ । प्राथमिक तहदेखि उच्च शिक्षासम्म गणित सिकाई गराई विद्यार्थीहरूलाई अनुसन्धानमुखी र प्राविधिक बनाउन जरुरी छ । ग्रामीण क्षेत्रहरूमा शिक्षामा पहुँच र स्रोतको अभाव पुरा गराउन सक्नुपर्छ ।

विद्यार्थीहरुलाई गणितका आधारभूत सिद्धान्तहरू र समस्याहरूको समाधान गर्ने क्षमता प्रदान गर्नु गणित शिक्षाको मुख्य उद्देश्य हो । विद्यार्थीहरुको तार्किक सोंच, विश्लेषणात्मक क्षमता, र सृजनात्मक सोचको विकास गर्न नेपालमा गणित विद्यालय तहदेखि उच्च शिक्षासम्मका पाठ्यक्रमहरूमा समावेश छ । गणितले सैद्धान्तिक र व्यावहारिक पक्षहरूलाई संयोजन गरेको हुन्छ । गणितका सिद्धान्तहरूको राम्रो बुझाइले विद्यार्थीहरुलाई गणित व्यवहारिक जीवनमा प्रयोग गर्न सक्षम बनाउँछ । गणितले विद्यार्थीहरुको समस्या समाधान सीप विकास गराई रचनात्मक र तार्किक सोंचको प्रयोगबाट मानसिक क्षमता वृद्धि गराउँदै राष्टका लागि सक्षम जनशक्ति उत्पादन गरी देश निर्माणमा सहयोग गरेको हुन्छ ।

विद्यालयहरूमा गणित शिक्षकहरूलाई तालिमको अवसर सीमित छ । गणित सिकाइका लागि आवश्यक पुस्तक, उपकरण र प्राविधिक संसाधनको कमी छ । गणितको प्रयोगात्मक कार्यका लागि पर्याप्त स्रोत, साधन र सामग्रीहरु छैनन् । गणितको शिक्षण तरिका परम्परागत कण्ठ गर्ने र पुस्तकमा आधारित विधिहरूमा निर्भर छन् । विद्यार्थीहरूको गहिरो बुझाई र सृजनात्मक सोंचलाई बढाउन असहजता छ । गुणस्तरीय शिक्षक, शैक्षिक सामग्री र अन्य स्रोतहरूको उपलब्धताको कमीले गणितलाई कठिन र डर लाग्दो विषयको रुपमा चित्रित गरेको छ । विद्यार्थीहरुमा मनोबल घट्न जाँदा गणितप्रतिको रुचि र आत्मविश्वासको कमी छ । विभिन्न भाषिक र सांस्कृतिक विविधताले गणित शिक्षण प्रक्रियामा चुनौतीहरू थपिएको छ । विद्यार्थीहरूले पढ्ने र बुझ्ने भाषाको विविधताले गणित शिक्षणमा बुझाइमा कठिनाइ छ । विद्यार्थीलाई वास्तविक जीवनमा गणित प्रयोग गर्ने अवसरको खाँचो देखिन्छ । विद्यार्थी र अभिभावकहरुको बुझाइमा गणित एक कठिन र डर लाग्दो विषय, केवल अंक, सूत्रको गणना गर्ने भन्ने नै छ । कक्षाकोठामा शिक्षक विद्यार्थी अनुपात बढी हुँदा शिक्षणमा विद्यार्थीहरुलाई व्यक्तिगत रूपमा ध्यान दिन गाह्रो हुनु, आवधिक रुपमा सञ्चालन हुने परीक्षाको नतिजाबाट मात्र हुने विषयगत मूल्याकंन पनि मुख्य चुनौती हो ।

स्थानीय तह, सरकारी र गैर सरकारी संस्थाहरूको सहयोग र सहकार्यबाट शिक्षकहरूको क्षमता विकास गर्न तालिम, गोष्ठी र कार्यशालाहरू सञ्चालन गर्ने, गणित शिक्षकहरुलाई नवीनतम शिक्षण विधिहरू र प्रविधिहरूको बारेमा अध्यावधिक गराउने, विद्यालयहरूमा गणितका लागि पर्याप्त पुस्तक, सन्दर्भ सामग्री र शैक्षिक सामग्रीको व्यवस्था गरी डिजिटल उपकरणहरूको प्रयोगलाई बढाएर गणित सिकाइ प्रक्रियालाई रचनात्मक र अभ्यस्त गराउँदै खेल र प्रायोगिक प्रकृयाबाट शिक्षण सिकाइ प्रक्रियामा सुधार गर्न सकिन्छ ।

गणितले तार्किक सोंच, समस्या समाधान गर्ने क्षमता, र सृजनात्मक सोंचको विकास गराई गणित व्यावहारिक छ भन्ने बुझाउन आवश्यक छ । शिक्षक अभिभावक र सरोकारवाला सबैले बालबालिकाहरुलाई गणितको महत्व बुझाउन र अभ्यास गर्न प्रोत्साहित गर्न जरुरी छ । गणितलाई व्यवसाय, विज्ञान, इञ्जिनियरिङ र विभिन्न अन्य क्षेत्रमा प्रयोग गर्न सकिन्छ । वित्तीय योजना, गृह निर्माण अन्य दैनिक क्रियाकलापहरूले गणितलाई व्यावहारिक बनाउँछ । गणित शिक्षणमा कम्प्युटर, स्मार्ट बोर्ड, र अन्य डिजिटल उपकरणहरूको प्रयोग बढ्दै गएको छ । विद्यार्थीलाई गणितका जटिल अवधारणाहरूलाई सजिलै बुझ्न र तिनीहरूको समाधान गरी आधारभूत गणितीय धारणाको विकासमा सहयोग पुगेको छ । गणितले विज्ञानलगायत अन्य विषय क्षेत्रका समस्याहरूको विश्लेषण र समाधानमा मद्दत गर्दछ । विद्यार्थीलाई गणितको अवधारणाहरू बुझ्नमा मद्दत पुर्‍याउन उनीहरूको उत्साह बढाउन शिक्षकको भूमिका महत्वपूर्ण हुन्छ ।

नयाँ पाठ्यक्रम, शिक्षण विधिहरू, र मूल्याङ्कन विधिहरूले गणित शिक्षाको स्तरलाई सुधार गर्न सक्नुपर्छ । गणितले सोच्ने क्षमतालाई बढाएर दैनिक जीवनका समस्याहरूको समाधान गर्न मद्दत पुर्‍याउँछ । प्राथमिक तहदेखि उच्च शिक्षासम्म गणित सिकाइ गराई विद्यार्थीहरूलाई अनुसन्धानमुखी र प्राविधिक बनाउन जरुरी छ । ग्रामीण क्षेत्रहरूमा शिक्षामा पहुँच र स्रोतको अभाव पूरा गराउन सक्नुपर्छ । गणित सिकाइ वृद्धि र सुधारको लागि विभिन्न शैक्षिक योजनाहरू र कार्यक्रमहरू सञ्चालन गरी भविष्यमा गणित शिक्षामा थप अवसरहरूको सृजना गर्नुपर्छ ।

शिक्षक फर्साटिकर मा.वि.

# युवापुस्ताले कहाँ खोज्ने भविष्य ?



डा. देवीप्रसाद आचार्य



देश बनाउने पहिलो आधिकारिक संस्था राज्य हो, त्यसपछि नागरिक हुन् । समाजका अतिदक्ष, दक्ष, अर्धदक्ष र अदक्ष मानव स्रोतको जगमा देशले विकासको गति लिन्छ । यो मानवस्रोत उत्पादन, व्यवस्थापन तथा राष्ट्र निर्माणमा सहभागी गराउने कार्य राज्यको योजनाभित्र पर्छ । राज्यको क्षमता, कार्ययोजना तथा कार्यान्वयन आधारमा जनताले महसुस गर्नसक्ने विकास हुनसक्छ । हाम्रो देशमा प्रजातन्त्र स्थापनापछिका तीन दशकमा जनताका चाहना तथा देशको आवश्यकताअनुरूप विकास र सुशासन हुन सकेन । परिणामतः राजनीतिक दलप्रति जनताको आक्रोश बढ्दै गयो । लोकतन्त्र आमजनताका लागि आर्थिक उन्नतिको कोणबाट हेर्दा 'कागलाई बेल पाक्यो हर्ष न विष्मात'जस्तो भएको छ । सरकारप्रति विश्वास र भरोसा गुमेको अवस्था छ । शिक्षित युवापुस्ता बेरोजगारीले हैरान छन् । त्यसैले, भविष्य खोज्ने आशामा युवापुस्ताको लर्को विदशतिर लाग्दै छ ।

त्यसो त, प्रजातन्त्र पुनर्स्थापना भएपछि देशमा केही प्रगति नभएका भने होइनन् । आज हरेक जिल्लामा बाटा पुगेका छन् । हरेक पालिकामा विद्यालय खुलेका छन् । डेढ दर्जनको संख्यामा विश्वविद्यालय सञ्चालनमा छन् । गाउँगाउँमा बिजुली, खानेपानी र सडक सुविधा छ । देशको कुना कन्दरासम्म सञ्चारको पहुँच छ । उल्लिखित क्षेत्रमा देखिएको परिवर्तनलाई विकास मान्ने हो भने सन्तोष गर्ने ठाउँ छ । तथापि, यी परिवर्तनले समाजको आर्थिक अवस्थामा सुधार ल्याउन सकेन । रोजगारी सिर्जना हुन सकेन । गाउँठाउँमा युवा बस्न सकेनन् । विकास यात्रा उकालो लाग्दा मानिसको यात्रा ओरालो लाग्यो । युवाको यात्रा अन्तर्राष्ट्रिय बजारतिर सोझियो । युवाले देशभित्र कमाउन सकेनन् । अब राज्यले युवा गाउँघरमै कमाउने र रमाउने काम गर्नुपर्छ ।

इतिहासको हरेक कालखण्डमा लोकतन्त्र ल्याउनका लागि युद्धको मोर्चामा होमिने युवापुस्ता अहिले सबैभन्दा पीडित छ । बेरोजगारीले सताइएको छ । युवालाई स्वदेशमै गुणस्तरीय शिक्षा र आयआर्जनको अवसर भएको भए उनीहरू विदेश पलायन हुने थिएनन् र छैनन् । अहिले गाउँघर ज्येष्ठ नागरिक र बालबालिकाको बस्ती भएका छन् । युवापुस्ता बिदेसिएका छन्, विदेसिँदै छन् । युवाको शिक्षा, ज्ञान, सीप, जोश तथा जाँगर विकास निर्माणमा नलगाउन नसक्नु देशको भविष्यसमेत बर्वाद पार्नु हो । नेपाली युवाले रहरले घरपरिवार, देश छाडेका होइनन् । स्वदेशमा आयआर्जन गर्ने ज्ञान, सीप तथा अवसर नहुँदा काम, माम र रोजगारीका लागि बिदेसिन बाध्य भएका हुन् । अहिले देश युवा जनशक्ति निर्यात गरेर खाद्यान्न आयात गर्ने देशका रूपमा चिनिएको छ । एकातिर गाउँघरका उर्वर खेतबारी बाँझिदै गएका छन् भने अर्कोतिर युवा 'कान्छा' र 'बहादुर'का नाममा विदेशी भूमिमा श्रम र सीप बेच्न विवश छन् । अझैं विडम्बना त के छ भने आफ्ना खेतबारी बँझाएर युवाले विदेशमा गएर आधुनिक कृषि फार्ममा काम गरिरहेका छन् । हाम्रोजस्तो देशको पहिलो आवश्यकता कृषि क्षेत्रलाई आय आर्जनको स्रोत बनाउनु हो । आय आर्जनसहितको वैज्ञानिक खेती तथा पशुपन्छी पालनबिना कृषक परिवारको आर्थिक अवस्थामा सुधार हुन सक्दैन । स्वरोजगार सिर्जना हुन सक्दैन ।

राज्यले भाषणमा 'कृषि क्षेत्रमा आधुनिकीकरण गर्ने' भने पनि राज्यको कथनी र करणीमा आकाश-जमिनको भिन्नता छ । कार्यशैली अव्यावहारिक छ । परम्परागत शैलीमा कृषि गर्दै आएका हरेक उमेर समूहका कृषकलाई आधुनिक खेती प्रणालीमा आधारित तालिम सञ्चालन गरी कृषि शिक्षा दिनुपर्नेमा राज्यले राजनीतिक पहुँचका आधारमा अनुदान तथा बोटबिरुवा वितरणजस्ता कार्य गर्दै आएको छ । 'ढंग न ढाल, खानको काल' भनेझैं खेती गर्ने तरिकासम्बन्धी केही पनि ज्ञान तथा सीप नभएकालाई अनुदान दिइएका छन् । अनुदान पाएकामध्ये धेरैले उत्पादन गरेका छैनन् । बरु, पाएको अनुदानले आफ्ना लागि जग्गाजमिन जोडेका दृष्टान्त भेटिन्छन् ।

राज्यले कृषि क्षेत्रमा हरेक वर्ष अर्बौं खर्च गर्छ । यो रकम विभिन्न राजनीतिक दलका कार्यकर्ताले 'मागी खाने' स्रोत बनाएको जनगुनासो छ । कृषि क्षेत्रमा विनियोजन गरिएको बजेट चिनजानका आधारमा वितरण गर्न बन्द गर्नुपर्छ । कृषिमा विनियोजित रकमले हरेक स्थानीय तहमा भएको हावापानी, माटो र उत्पादन सम्भावनाका अनुसन्धानमा खर्च गर्नुपर्छ । तत्पश्चात् स्थानीय युवा तथा कृषकलाई आधुनिक कृषि उत्पादनमा आधारित भरपर्दो तालिम दिनुपर्छ । हाम्रो देशको सन्दर्भमा विकास र रोजगारीको पहिलो स्रोत कृषि तथा पशुपालन क्षेत्रलाई आधुनिक, व्यावसायिक तथा निर्यातमुखी बनाउनुपर्छ । यसका लागि राज्यले देशमा भएका कृषि विज्ञलाई परिचालन गर्नसक्छ ।

राज्यले आर्थिक वर्ष २०८२/०८३ को वार्षिक बजेट भाषणमा 'प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजना'को नाम परिवर्तन गरेर 'राष्ट्रिय कृषि आधुनिकीकरण आयोजना' गरेको छ । कृषि आयोजनाको दोष होइन, दोष त कार्यशैलीको हो, दृष्टिकोणको हो । अझैं पनि राज्यको कार्यशैली पुरानै तरिकाको हुने हो भने यो मुलुक निकट भविष्यमा नै युवाविहीन हुनेमा कुनै शंका छैन । दिनहुँ २ हजारको हाराहारीमा युवा विदेसिएका छन् । तसर्थ, राज्यले हरेक स्थानीय तहमा जैविक विविधता र उत्पादन हुनसक्ने खेतीबाली र पशुपन्छीको सम्भावनाका आधारमा देशव्यापी कृषि शिक्षाका प्रशिक्षण कक्षा सञ्चालन गरी दक्ष कृषक जनशक्ति उत्पादन गर्नुपर्छ ।

कृषि शिक्षाअन्तर्गत सम्बन्धित ठाउँको अनुसन्धान गरी उत्पादनको सम्भावनाका आधारमा खाद्यान्न, तरकारी, फलफूल, पुष्पखेती, केरा, कागती, मेवा, एभोकाडोलगायत पशुपालनअन्तर्गत गाईभैंसी, भेंडा, बाख्रा, च्यांग्रा, बंगुर, सुँगुर, कुखुरा पालन, पन्छीपालन, मौरीपालन, मत्स्यपालन क्षेत्रलाई आधुनिकीकरण गर्नका लागि तालिम दिएर उल्लिखित पक्षलाई आयआर्जनको क्षेत्र बनाउनुपर्छ । यसो हुनसकेमा युवामा विकसित नैराश्यता र 'नेपालमा केही पनि गर्न सकिंदैन' भन्ने मनोविज्ञान बदलिन सक्छ । त्यसपछि युवाले आयआर्जनसहितको भविष्य आफ्नै देशमा खोज्न सुरु गर्छन् । उनीहरूमा सकारात्मक सोंच विकास हुनसक्छ ।

कृषिमा आधुनिकीकरण, यान्त्रिकीकरण, व्यावसायीकरण गरी कृषि क्षेत्र उत्पादनमा आधारित उद्योग स्थापना गर्ने, पर्यटन र उद्यमशीलतालाई जोड दिने दिशामा राज्यले सबन्धित क्षेत्रका विज्ञ तथा साहु महाजनसँग सहकार्य गर्नुपर्छ । कृषि क्षेत्रलाई भारत, चीन, इजरायल तथा न्युजिल्यान्डको मोडेलमा विकास नगरेसम्म देश उँभो लाग्न सक्ने देखिँदैन र युवा पलायन रोकिने सम्भावना देखिँदैन । त्यसैले, राज्यले युवाले भाग्य र भविष्य खोजी गर्ने उत्तम ठाउँ जन्मभूमिलाई बनाउनुपर्छ ।

युवाका जोश, जाँगर, सीप र शक्ति विकास निर्माणका लगाउने दायित्त्व हो । राज्यले युवालाई गुणस्तरीय शिक्षा, व्यावसायिक तालिम तथा भविष्यको आशा जगाएर देश विकासमा लगाउनुपर्नेमा विभिन्न देशसँग सम्झौता गरी उनीहरूलाई विदेश पठाउने नीति लियो । राज्यको यस्तो कार्यले युवालाई क्षणिक फाइदा भए पनि दीर्घकालीन रूपमा फाइदा छैन । राज्यले युवालाई आफ्नै देशमा भाग्य र भविष्य बनाउने अवसर प्रदान गर्न विलम्ब नगरोस् । यसका लागि हरेक पालिकामा कृषि शिक्षाका प्रशिक्षण कक्षा तथा प्रयोगशाला सञ्चालन गरोस् । देश विकास गर्न युवाशक्ति आवश्यकता पर्छ भन्ने वास्तविकता ढाकछोप नगरोस् । आफ्नै गाउँठाउँमा आयआर्जनको अवसरसहित सुन्दर भविष्य निर्माण गर्नसक्ने वातावरण सिर्जना गरोस् ।

नेपालमा सात दशकमा भएका राजनीतिक परिवर्तन आमजनताका लागि 'हात्ती आयो हात्ती आयो फुस्सा' भनेझैं भएको समाजको बुझाइ छ । प्रजातन्त्र, लोकतन्त्र, जनतन्त्र, समाजवाद जे भने पनि नेपालीको जीवनस्तर उठ्ने काम गर्न राज्य असफल भइरहेको प्रतीत हुन्छ । सीमित समूहका लागि प्रजातान्त्रिक व्यवस्था दुहुनो गाई भएको छ । यस व्यवस्थामा केही शासक र प्रशासक गद्गद् छन् । भ्रष्ट मोटाएका छन् । कुशासन व्याप्त छ । नेतृत्वमा नेपाल र नेपालीको भविष्यप्रतिको चिन्ता, चासो र जिम्मेवारीबोध भएको देखिँदैन । त्यसैले, युवापुस्ताले देशभित्र आफ्नो भविष्य नदेखेका हुन् ।

राज्यले स्थानीय तहमा रहेका युवालाई कृषि, पशुपालन, पर्यटन तथा विभिन्न उद्यमशीलमा लगाउने ठोस कार्ययोजना ल्याएर कार्यान्वयन गरेको खण्डमा युवाले आफ्नै गाउँघरमा आयआर्जन व्यवसाय खोज्ने, रोज्ने र टिकाउने कार्यमा लाग्छन् । विदेशमा बगाउने पसिना आफ्नै देशमा बगाउन सुरु गर्छन् । यसो भएमा रोजगारीका लागि विदेश जाने क्रम रोकिन्छ । विदेशमा भएका युवा विस्तारै फर्कन सुरु गर्छन् । गाउँ आफ्नै उत्पादनमा आत्मनिर्भर हुन थाल्छन् । त्यसैले, राज्यको घैंटोमा घाम लागोस् । युवाका भविष्यमाथि खेलबाड नगरोस् । युवापुस्ताले आफ्नै गाउँठाउँमा भाग्य र भविष्य बनाउनसक्ने अवसर सिर्जना गरोस् । गफ गरेर होइन, काम गरेर देखाओस् ।

राजधानीबाट

# कञ्चनले सार्वजनिक गर्‍यो वार्षिक नीति तथा कार्यक्रम




कञ्चन । रुपन्देहीको कञ्चन गाउँपालिकाले आगामी आ.व. २०८२/०८३ का लागि 'एक वडा एक बाली उत्पादन' भन्ने नारासहित वार्षिक नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ । रुपन्देहीको १६ वटा स्थानीय तहमध्ये कञ्चनले आगामी वर्षका लागि सबैभन्दा पहिले नीति तथा कार्यक्रम सार्वजनिक गरेको हो ।

पालिकाको १८औं गाउँसभामार्फत् पालिका अध्यक्ष नवराज ढकालले समुन्नत कञ्चन, सुखी कञ्चनवासी भन्ने नारालाई सार्थक तुल्याउने दर्जनभन्दा बढी महत्वाकांक्षासहित वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरेका हुन् । अध्यक्ष ढकालले संघीय लोकतान्त्रिक, गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको दीगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न नेपालको संविधानले व्यवस्था गरेको संघ, प्रदेश र स्थानीय तहको सरकारको रुपमा रहेको कञ्चनले आफ्नो पालिकाको १८औं गाउँसभामार्फत् नीति तथा कार्यक्रम प्रस्तुत गरेका हुन् ।

पालिकाको वार्षिक नीति तथा कार्यक्रममा हाम्रो कञ्चन नामक स्थानीय पाठ्यक्रममार्फत् विद्यालय तहबाटै कञ्चनको ऐतिहासिक, धार्मिक तथा सांस्कृति सम्पदाहरुको संरक्षण र प्रवर्धन गर्न स्थानीय पाठ्यक्रमको लेखन तथा प्रकाशन गरी कार्यान्वयन गर्न लागिएको र त्यसका लागि शिक्षक तथा कर्मचारीहरुको क्षमता विकासका लागि विभिन्न तालिम तथा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्ने नीति अख्तियार गरिएको अध्यक्ष ढकालले पालिकाको वार्षिक नीति तथा कार्यक्रमम उल्लेख गरेका छन् ।

अध्यक्ष ढकालले नीति तथा कार्यक्रममार्फत् कञ्चनलाई कृषि उतपादनमा आत्मनिर्भर बनाउन तरकारी मूल्य श्रृंखला परियोजना, आफ्नै उत्पादन खाउँ, कञ्चनमै रमाउँ, घर-घरमा प्राविधिक सेवा उत्पादनमा टेवा, बाली बिमा, पालिकाले सोंचेका, कृषकले रोजेको, पशुहरुमा नश्ल सुधार, उत्पादन वृद्धिको आधार, मागमा आधारित पशुपन्छी विकास कार्यक्रम जस्ता लोकप्रिय र महत्वाकांक्षी नारा सार्वजनिक गरेका छन् ।

यस्तै श्रम तथा रोजगार तर्फ प्रधानमन्त्री स्वरोजगार कार्यक्रममार्फत् सबै घरधुरीमा रोजगारीको अवस्था अभिलेखीकरण गरी बेरोजगार व्यक्तिहरुको व्यवस्थित अभिलेख तयार गरी सूचीकृत बेरोजगार व्यक्तिहरुलाई कार्यस्थलमा तालिमसहित रोजगार उपलब्ध गराउने, वैदेशिक रोजगारलाई थप व्यवस्थित, मर्यादित, भरपर्दो र सहज बनाउन व्यक्तिगत श्रम स्वीकृति र पुनः श्रम स्वीकृति प्रदानसम्बन्धी कार्य रोजगार सेवा केन्द्रबाट गरिने नीति अख्तियार गरिएको, एक परिवार एक रोजगार, श्रमको सम्मान, राष्ट्रको अभियान, श्रम संसार जस्ता कार्यक्रमहरु पनि अध्यक्ष ढकालले सार्वजनिक गरेका छन् ।

पर्यटनतर्फ भने अतिथि देवोः भवः भन्ने संस्कारलाई कायम राख्न स्थानीयस्तरमा होम स्टे सञ्चालनमा प्रोत्साहन गरी कञ्चनमा रहेको विभिन्न पर्यटकीय स्थलहरुको प्रवर्धनमा विशेष जोड दिइने उल्लेख गरिएको छ । यसैगरी कञ्चनमा रहेका सहकारी तथा वित्तीय संघ संस्थाहरुलाई कञ्चनको विकाससँग जोड्न नियमन र अनुगमनलाई बढी प्राथमिकता दिइने वार्षिक नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ ।

मंगलबार सार्वजनिक गरिएको नीति तथा कार्यक्रममा परम्परागत सीप र उद्योगहरु सञ्चालन गने व्यवसायीहरुलाई व्यवस्थित गर्दै उनीहरुको सीप र क्षमतालाई संरक्षण गर्दै लगिने पालिकाको उद्योग तथा वाणिज्य नीतिमा उल्लेख गरिएको छ ।

महिलाहरुलाई उद्यमशिल बनाउन आय आर्जन र स्वरोजगार बनाउनका लागि मागमा आधारित तालिम सञ्चालन गर्ने, उद्यमशिलताको विकास गर्न गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन गर्ने, दलित, आदिवासी जनजात, सीमान्तकृत समुदायका महिला, अपांगता भएका व्यक्ति, एकल महिलाहरुलाई पालिकाले सञ्चालन गर्ने सीपमूलक तालिमहरुमा पहिलो प्राथमिकता दिने नीति सार्वजनिक गरिएको छ ।

पालिकाको वार्षिक नीति तथा कार्यक्रममा आगामी वर्षमा पनि सामुदायिक विद्यालयका कर्मचारी, शिक्षक, तथा बालविकास सहजकर्ताहरुलाई दिइदै आएको न्यूनतम पारिश्रमिकलाई निरन्तरता दिइने भएको छ । यस्तै सामुदायिक विद्यालयहरुमा अध्ययनरत सबै छात्राहरुलाई आवश्यक पर्ने सेनेटरी प्याड निःशुल्क गराइनुका साथै छात्रा, दलित तथा अपांगता भएका विद्यार्थीहरुलाई दिइदै आइरहेको छात्रावृत्तिलाई पनि निरन्तरता दिइएको छ ।

अध्यक्ष ढकालले सार्वजनिक गरेको नीति तथा कार्यक्रममा गाउँपालिकास्तरीय खेलकुद प्रतियोगिता सञ्चालनका लागि प्रोत्साहन गरिनुका साथै राष्ट्रिय अन्तर्राष्ट्रिय, प्रदेश तथा जिल्लास्तरीय खेलमा पदक तथा उत्कृष्ट स्थान हासिल गर्ने खेलाडीहरुलाई सम्मान तथा पुरस्कृत गर्ने नीति लिइएको छ ।

यस्तै स्वास्थ्यतर्फ भने पोषण विशेष कार्यक्रम सञ्चालन गरी पालिकालाई पोषणमैत्री स्थानीय तहको रुपमा विकास गर्ने, पूर्ण खोपयुक्त पालिका सुनिश्चितता र दीगोपनाको लागि विशेष कार्यक्रसहित स्वस्थ कञ्चन, समृद्ध कञ्चन, सुत्केरीसँग उपाध्यक्ष कार्यक्रम, अध्यक्षसँग स्वस्थ शिशुदेखि जेष्ठ नागरिकसम्म जस्ता नारासहित कार्यक्रम सार्वजनिक भएको छ ।

यस्तै कञ्चनमा रहेका भाषा, कला र संस्कृतिको संरक्षण र सम्बर्द्धनका लागि विभिन्न सामग्रीहरुको उत्पादन तथा वितरण गरी विभिन्न जातजातिको परम्परा, संस्कृति पहिचान गरी जातीय र भाषिक पहिचान दिने परम्परागत उत्पादनहरुलाई पालिकाले प्राथमिकता दिने भएको छ ।

अध्यक्ष ढकालले अध्यक्षसँग बालबालिका कार्यक्रम, विकटलाई निकट, सेवाको वरिपरि जनता होइन, जनताको वरिपरि सेवा, नागरिकका लागि मुस्कानसहितको सेवा, मैले तिरेको कर मेरै विकासका लागि, कर तिर्नु कर्तव्य मात्र नभई गौरव पनि हो जस्ता अति महत्वाकांक्षी नारा र कार्यक्रम पनि अध्यक्ष ढकालले सार्वजनिक गरेका छन् ।

पालिकाको १८औं गाउँसभाको पहिलो बैठकले नै अध्यक्ष ढकालद्वारा प्रस्तुत नीति तथा कार्यक्रम बहुमतले पास गरेको छ । सभामा शून्य समय लिएर गाउँ सभासद विष्णु थारु, भरतलाल यादवले पालिकाको समसामयिक विकास योजनाबारे बोलेका थिए भने गाउँसभा सदस्य टीकाराम सापकोटा, कुमारी घर्ती र मिना बिकले शुभकामना मन्तव्यसहित सभामा प्रस्तुत नीति तथा कार्यक्रमको पक्षमा बोलेका थिए ।


## लुम्बिनी केबलकार लिमिटेडको दरभाउ पत्र आव्हान सम्बन्धी सूचना

**प्रकाशित मिति : २०८२/०३/०४**

लुम्बिनी केबलकार लिमिटेडलाई आ.व. ०८२/०८३ को लागि आवश्यक पर्ने तपशिल बमोजिमको सामग्रीहरुको सप्लाई गर्ने सक्ने सप्लायर्स फर्म/कम्पनीबाट खरिद गर्नुपर्ने भएकोले सप्लाई गर्न इच्छुक सप्लार्यसलाई उल्लेखित सामग्रीको दर, परिमाण, गुणस्तर, डेलिभरीको समय र भुक्तानीको अबधि समेत समावेश गरी सप्यायर्स फर्म/कम्पनी दर्ताको प्रमाणपत्र, मूल्य अभिवृद्धि दर्ता प्रमाणपत्र र आ.व. ०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी यो दरभाउपत्र आव्हान गरिन्छ ।

**Description of Item**

- Grocery / General store including packed food Item
- Frozen Item
- Dairy product
- Poultry meat and fishery product
- Vegetable and fruits Items
- Stationery Item
- Bakery Item
- Chemical /Cleaning material
- Diesel, Petrol, Kerocine, lubricant Item
- LP Gas
- Scrap material
- Electrical Item
- Construction materials
- Fresh flower
- Pooja Samagri
- Bottle water and water Jar Item
- Beverage/ Alcohal( Import and Domestic ) both Items
- Printing
- Staff Uniform
- Repair & maintenance
- Computer and Laptop IT repair and maintenance
- Vehicle Maintence
- Security Service
- Cleaning Service

**कोटेशन आईपुग्नुपर्ने अन्तिम मिति : २०८२/०३/१९**

**नोट : कोटेशन स्वीकृत गर्ने, नगर्ने सम्पूर्ण अधिकार यस कम्पनीमा सुरक्षित रहने छ। छनोट भएका सप्लायर्सको करार अवधि एक वर्षको हुनेछ।**

**लुम्बिनी केबलकार लिमिटेड**
**बुटवल -३ गोलपार्क केबलकार चोक रुपन्देही**
**फोन नं. ०७१५९७००४ ९८४४७०९१९४**
**इमेल : lumbini.cablecar@gmail.com**



## कतार आई डी कार्ड हराएको सूचना (QID)

मेरो निम्न व्यहोरा भएको कतारको आई डी कार्ड मिति २०८२।०२।२० गते पडरीया देखि पर्सा जाने क्रममा हराएको हुदाँ फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गर्नु हुन अनुरोध छ ।
नामः अब्दुल लतीफ मुसलमान
ठेगानाः लुम्बिनी संस्कृतिक न.पा वडा नं. ३, पडरीया, रुपन्देही
कतार आई डी कार्ड नं (QID): २७६५२४०७६६९
मो.नं.: ९८४७५४९६५४



## श्री भूमिसुधार तथा मालपोत कार्यालय नवलपरासी (ब.सु.प.)बाट प्रकाशित हकदावी सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना ।

त्रिवेणी नाउको नाति, सिताराम नाउको छोरा जिल्ला नवलपरासी (ब.सु.प.), साविक गा.वि.स. गुठी सूर्यपुरा, वार्ड नं. ६ हाल परिवर्तित प्रतापपुर गाउँपालिका, वार्ड नं. ७ मा बस्ने जगदीश नाउले लालमन हजामको पत्नी ऐ ऐ बस्ने मेरो सासू-आमा नाताकी अतिया हजामनीको नाउँमा दर्ता श्रेस्ता कायम रहेको जिल्ला नवलपरासी, साविक गाविस गुठी सूर्यपूरा, वार्ड नं. ६/क, कि.नं. १८४ र २८३ तथा ऐ ऐ वार्ड नं. ६/ख कि.नं. ३७ ज.वि. क्रमशः ०-०-५, ०-२-६ र ०-४-१२१/२ जग्गाहरू रहेकोमा निज सासू-आमा अतिया हजामनीको मिति २०४३/०३/०९ गते तथा निजको हकवाला पति एवम् मेरो ससुरा बुवा लालमन हजामको पनि मिति २०३२/०१/१० गते आ-आफ्नै कालगतिबाट मृत्यु भएको, निज दम्पतिबाट कुनै हकवाला छोराको जायजन्म नभई हकवालाको रूपमा एकमात्र छोरी एवम् मेरी पत्नी राम कुमारी हजाम रहेकोमा निज राम कुमारीको पनि मिति २०८१/०९/०५ मा मृत्यु भएको र जग्गाधनी सासू-आमा स्व. अतिया हजामनीलाई जीवित छँदासम्म निजको पालनपोषण गर्ने, सेवाटहल गर्ने तथा मृत्युपछिको काजक्रिया गरी ऋणधन बेहोर्ने सम्पूर्ण काम म निज जग्गाधनीको एकमात्र छोरी-ज्वाइँ नाता पर्ने जगदीश नाउले गरेको र निज सासू-आमाको नाउँका माथि उल्लेखित कित्ता जग्गाहरू हालसम्म मैले नै जोतभोग समेत गर्दै आइरहेको हुँदा उक्त जग्गाहरू मेरो नाउँमा एकलौटी नामसारी गराइपाऊँ भनी यस भूमिसुधार तथा मालपोत कार्यालय नवलपरासी (ब.सु.प.) मा दिएको माग दाबी निवेदन सम्बन्धमा निवेदक जगदीश नाउ बाहेक मृतक जग्गाधनी अतिया हजामनीको अन्य कोही हकवालाहरू भए वा निज मृतक जग्गाधनीलाई जीवित छँदासम्म पालनपोषण गर्ने र मृत्युपछिको काजक्रिया गरी ऋणधन व्यहोर्ने काम अन्य कोही कसैले गरेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस श्री भूमिसुधार तथा मालपोत कार्यालय नवलपरासी (ब.सु.प.), परासीमा हकदाबीका लागि सम्पर्क गर्न आउन यो हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना सम्बन्धित सबैका लागि जारी गरिएको छ, अन्यथा नियामानुसार भइजाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।



## काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशन मिति २०८२/०३/०४

सामुदायिक वन उपभोक्ता समूहको वनवाट उत्पादन भई सामुदायिक बनको घाटगद्दिमा विभिन्न लट बनाइ राखिएको साल जातको जम्मा गोलिया थान १४१ को ११७१.८२ घ.फि काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएकोछ। इच्छुक व्यक्ति, सङ्घ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री मधु सामुदायिक वन उपभोक्ता समूह**
सुनवल न.पा.-१०, नवलपरासी( ब.सु.प.)



**श्री बुद्धनगर सामुदायिक वन उपभोक्ता समूह देवदह ९, रुपन्देही**

## काठ दाउरा बोलपत्र द्वारा लिलाम विक्रिको सूचना

प्रथम पटक प्रकाशन मितिः २०८२/३/४

श्री बुद्धनगर सामुदायिक वनको पुनरुत्पादन कटानबाट उत्पादन भई घाटगद्दीमा विभिन्न लट बनाई राखिएको साल र अन्य जात समेत गरी गोलिया थान १२८ को ८७६.३७ क्यू फिट काठ हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजान पर्ने गरी लिलाम विक्रि गर्नु पर्ने भएकोले यो सूचन प्रकाशन गरिएको छ।

रित पुगेका इच्छुक वन पैदावारमा आधारित (काठ/दाउरा ) संचालनमा रहेका उद्योगहरुले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ दिन कार्यालय समय भित्र श्री बुद्धनगर सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा बोलपत्र खरिद गर्ने गरी यो सूचना प्रकाशित गरिएको छ। यस सम्बन्धी विस्तृत जानकारीका लागि यस समूहको कार्यालयमा सम्पर्क राख्नहुन अनुरोध छ।

अध्यक्ष

**श्री बुद्धनगर सामुदायिक वन उपभोक्ता समूह परिवार** देवदह ९, रुपन्देही


# हार्दिक समवेदना

जन्म : १९९९/०१/०८



निधन: २०८२/०३/०२

**स्व. चम्पा सिंह गुरुङ्**

तिलोत्तमा नगरपालिका वडा नं.- १५ का वडा अध्यक्ष तथा कार्यपालिका सदस्य श्री खेमराज गुरुङ्ज्यू साथै हाम्रा शुभचिन्तकहरु नेमबहादुर गुरुङ्ग एवम् तोरण गुरुङ्गका पुज्यनीय पिता तिलोत्तमा-१५ कोटिहवा निवासी **चम्पा सिंह गुरुङ्**को ८३ वर्षको उमेरमा भएको अकल्पनीय देहावसानले नगरपालिका परिवार निकै मर्माहत भएका छौं । स्वर्गीय बुबाको आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकको यस दुःखद घडीमा धैर्य धारण गर्ने शक्ति भगवान् पशुपतिनाथले प्रदान गरुन् भनी शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**तिलोत्तमा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कुञ्जलापुर, रूपन्देही**


## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



**खेत जोत्दै किसानः**
दाङको बङ्गलाचुली गाउँपालिका-८ हाँसिपुरका स्थानीय किसान परम्परागत तरिकाले गोरुको सहायताले खेत जोत्दै । तस्विरः कुलदीप न्यौपाने / रासस

# दशौं राष्ट्रिय हाप्किडो बुटवलमा हुँदै




बुटवल । नेपाल हाप्किडो संघको आयोजनामा बुटवलमा "दशौं राष्ट्रिय हाप्किडो प्रतियोगिता - २०८२" आयोजना हुने भएको छ। प्रतियोगिता २०८२ असार ५ गतेदेखि ७ गतेसम्म तीन दिनसम्म सञ्चालन हुने सोमबार बुटवलमा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको छ।

प्रतियोगितामा देशभरका सातवटै प्रदेशबाट छनोट गरिएका ५०० जनाभन्दा बढी खेलाडी, प्रशिक्षक, रेफ्री, निर्णायक तथा पदाधिकारीहरूको उपस्थिति रहने प्रतियोगिता संयोजक कालीबहादुर घर्ती मगरले जानकारी दिए।

नेपाल हाप्किडो संघका अध्यक्ष समेत रहेका घर्तीका अनुसार प्रतियोगितामा फाइटिङ, सेल्फ-डिफेन्स तथा हाई फल / लङ फल जस्ता प्रमुख इभेन्टहरू समावेश गरिने छ । खेलहरू क्याडेट, जुनियर तथा सिनियर डिभिजनअन्तर्गत पुरुष तथा महिलातर्फ विभिन्न तौल, उमेर र बेल्टअनुसार प्रतिस्पर्धा हुने घर्तीले बताए ।

प्रतियोगिताको उद्घाटन राष्ट्रिय खेलकुद परिषद्का उपाध्यक्ष ध्रुव आचार्यले गर्ने तय भएको कार्यक्रम संयोजक घर्ती मगरले जानकारी दिए।

प्रतियोगीता देवीनगरस्थित नविन औद्योगिक माविको मैदानमा हुने र प्रतियोगिता सम्पन्न गर्न करिव ३० लाख खर्च लाग्ने अनुमान गरिएको छ।

# अगुवा कृषकलाई कृषि सामग्री वितरण



**बासुदेव ढकाल**
*रामपुर पाल्पा*

पाल्पाको रामपुर नगरपालिका वडा नं.६ का अगुवा कृषकहरुलाई कृषि सामग्री ठेला गाडा वितरण गरिएको छ।

रामपुर नगरपालिकाबाट वडा नं.६ मा स्वीकृत कृषि प्रवर्धन तथा कृषक सम्मान कार्यक्रमअन्तर्गत कृषकलाई दैनिक उपयोगी सामग्रीको रुपमा ठेला गाडा वितरण गरेको हो।

कृषकलाई ठेलागाडा वितरण गर्दै रामपुर नगरपालिकाका नगरप्रमुख रमणबहादुर थापाले सानातिना अनुदानका कार्यक्रमभन्दा अब बिउबिजन उत्पादन र स्वरोजगार सिर्जना गर्ने खालका कार्यक्रमलाई अगाडि बढाउन नगरपालिकाको सोंच रहेको बताउँदै एक वडा एक उत्पादनमा नगरपालिकाले दिने व्याज अनुदान कार्यक्रमा सहभागी हुन कृषकलाई आग्रह गरेका छन्।

विजयपुर कृषि सहकारी संस्था लि. रामपुरको समन्वयमा संस्थाको कार्यालय विजयपुरमा भएको कार्यक्रममा वडाका ७० जना अगुवा कृषकहरुलाई कृषि उद्पादन मल, बिउ, पराल ओसार पसार गर्न सजिलो हुने कृषि औजारको रुपमा ठेलागाडा वितरण भएको हो।

कार्यक्रममा विजयपुर कृषि सहकारी संस्थाका अध्यक्ष सूर्यप्रसाद रेग्मीले वडा कार्यालयले सहकारीसँग समन्वय गरेर कार्यक्रम गरेकोमा खुसी व्यक्त गर्दै बिउ आलु पकेट क्षेत्रका रुपमा काम गर्न सहकारी नगरपालिकासँग सहकार्य गर्न तयार रहेको बताए।

रामपुर नगरपालिका वडा नं.६ का वडाध्यक्ष दिवाकर देवकोटाको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत वडा सदस्य शारदा आचार्य र सञ्चालन वडा सचिव महेशप्रसाद भट्टराईले गरेका थिए।

# पुनः प्रयोग गर्न मिल्ने गरी कपडा बैंकको स्थापना




**गौरीशंकर जयसवाल**
*परासी*

पश्चिम नवलपरासीको बर्दघाटमा कपडा बैंक स्थापना गरिएको छ। पुनः प्रयोग गर्न मिल्ने गरी बर्दघाट नगरपालिकामा कपडा बैंकको स्थापना गरिएको हो।

बर्दघाट जेसीज र क्लोथ एण्ड फुड बैंक नेपालको संयुक्त आयोजनामा तथा बर्दघाट नगरपालिकाको आर्थिक सहयोगमा कपडा बैंकको स्थापना गरिएको बर्दघाटका नगरप्रमुख शम्भुलाल श्रेष्ठले बताए। पुराना प्रयोगमा नआएका कपडा, जुत्ता, झोला, किताब सङ्कलन गर्ने र ब्यक्तिलाई निःशुल्क रुपमा कपडा दिने उद्देश्यले संस्थाको स्थापना गरिएको जानकारी दिए।

कपडा बैंकको उद्घाटन गर्दै नगरप्रमुख श्रेष्ठले अभियानमा सबैले साथ दिन आग्रह गर्दै आगामी दिनमा फुड बैंक समेत बिस्तार गरिने उनको भनाइ थियो।

कपडा बैंकमा कपडा संकलन गरेर नगरभित्रका विपन्न नागरिक र तत्कालै आवश्यक पर्ने स्थानमा वितरण गरिने बर्दघट जेसीजका अध्यक्ष मोहन सापकोटाले जानकारी दिए।

यसअघि पश्चिम नवलपरासीको पाल्हीनन्दन र सुस्ता गाउँपालिकामा कपडा बैंक स्थापना भैसकेको छ। यो कपडा बैंक क्लोथ एन्ड फुड बैंकको १ सय ६५औं शाखाको रूपमा स्थापना गरेको जनाएको छ।

## लु (तातोहावा) को असर बच्ने उपाय

| लु का असर | लु बाट बच्ने उपाय |
|---|---|
| - थकाई लाग्ने | -प्रशस्त पानी तथा झोल पदार्थ पिऊँ। |
| -कमजोरी हुने | -शरीर कमजोर भएमा जीवन जल पिऊँ। |
| -बढी तिर्खा लाग्ने | -शितल छहारीमा बसौं। |
| -टाउको दुख्ने | -घाम लागेको बेला खेतबारीमा काम नगरौं। |
| -खुट्टा बाँडिने | -घाममा निस्कँदा छाता ओढौं |
| -रिङ्टा लाग्ने | -अत्यावश्यक कामबाहेक बाहिर ननिस्कौं। |
| -बेहोस हुने | -मौसमी फलफूल र तीनको रस सेवन गरौं। |
| -मांसपेशी दुख्ने | -'लु' लागेमा नजिकको स्वास्थ्य केन्द्रमा सम्पर्क गरौं। |
| -वान्ता हुने आदि। | |

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com




## प्लाष्टिक प्रयोगमा कटौती गरौं

**प्लाष्टिक प्रयोगले:**
-माटोको उर्वरा शक्ति घटाउँछ,
-पानी प्रदूषण हुन्छ,
-पशुले प्लास्टिक खाएमा मृत्यु हुन्छ,
-मानव स्वास्थ्यमा हानी पुऱ्याउँछ,
-प्राकृतिक सौन्दर्यता नष्ट हुन्छ,
**त्यसैले,**
-प्लाष्टिकका झोलाको सट्टा कपडाको झोलाको प्रयोग गरौं,
-प्लास्टिकका भाँडाको सट्टा स्टिल, काँच र बाँसका सामग्री प्रयोग गरौं,
-प्लाष्टिकजन्य फोहोर सही तरिकाले व्यवस्थापन गरौं,
-'प्लाष्टिकमुक्त' अभियानमा सहभागी बनौं,
**'वातावरणको संरक्षण गरौं'**

नेपाल सरकार
विज्ञापन बोर्ड

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com